**संक्रमणकालीन न्याय संयन्त्रहरुको स्थापनार्थ नेपाल सरकारले मिति २०६६/८/१५ र २०६६/११/५ मा क्रमश: व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) विधेयक र सत्य निरूपण तथा मेलमिलाप आयोगको गठनसम्बन्धी विधेयक व्यवस्थापिका संसदमा पेश गरेको थियो । उक्त विधेयकहरू हाल संसदको व्यवस्थापिका समितिमा विचाराधीन रहेका छन् । सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकमा २३ जना सभासदले ५० ओटा संशोधन प्रस्ताव पेश गरेका छन् । यस्तै अन्य मानवअधिकारवादी संघसंस्थाहरुले समेत संशोधन सिफारिसहरू पेश गरेका छन् । यसै सन्दर्भमा सत्य निरुपण तथा मेलमिलाप आयोगलाई बालमैत्री बनाउन एड्भोकेसी फोरम संस्थापक रहेको सशस्त्र द्वन्द्वमा परेका बालबालिकाको संरक्षणकालागि साझेदारी** (Partnership for Protecting Children in Armed Conflict) **ले मस्यौदा विधेयकमा गरेका महत्वपूर्ण संशोधन प्रस्तावहरु निम्नलिखित रहेका छन् :**

**कार्यादेशमा थप्नुपर्ने**

"सत्य निरुपण तथा मेलमिलाप आयोगसँग सशस्त्र द्वन्द्वको दौरानमा भएका गम्भीर मानवअधिकार हननका घटनाबारे र विशेष गरी द्वन्द्वले महिला तथा बालबालिकामाथि पारेको प्रभावबारे छानबिन र अनुसन्धान गर्ने अधिकार रहनेछ"

**मानवअधिकार हननको परिभाषा थप्नुपर्ने**

"मानवअधिकार उल्लंघन भन्नाले अपहरण, बेपत्ता पारिनु, शारीरिक तथा मानसिक यातना दिने, हत्या, बालबालिकाको सशस्त्र समूहमा भर्ती, बालबालिकाको अपहरण र श्रमिकको रुपमा उनीहरूको प्रयोग र अन्य कुनै प्रकारको अमानवीय गतिविधि जो अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विरुद्ध छ र मानवताविरूद्धको अपराधको कोटीमा पर्दछ ।"

**पीडितको परिभाषामा थप्नुपर्ने**

"बलात्कृत आमाबाट जन्मिएका शिशुहरू, लैङ्गिक हिंसा वा अन्य यौनजन्य हिंसाबाट पीडित बालबालिकाहरू तथा त्यस्ता बालबालिकाहरू जसलाई जबरजस्ती मजदुर/जासुसको रूपमा प्रयोग गरिएको थियो र जसलाई जबरजस्ती छापामारका रूपमा भर्ती गरिएको थियो ।"

**प्रत्यक्षदर्शीको गोपनीयता तथा सुरक्षामा थप्नुपर्ने**

"आयोगसमक्ष बयान दिनको लागि वा जानकारी प्रदान गर्नको लागि उपस्थित भएका कोही पनि व्यक्तिले आफ्नो सुरक्षाको लागि आवश्यक प्रबन्ध मिलाइदिनु भनेर अनुरोध गरेको खण्डमा आयोगले आवश्यक सुरक्षा प्रबन्ध मिलाइदिनुपर्नेछ । बाल साक्षीको हकमा भने आयोगले त्यस्ता बालबालिकाको पहिचान जोगाउनको लागि र उसलाई आवश्यक सुरक्षा तथा मनोवैज्ञानिक सहायता गर्न विशेष व्यवस्था वा उपायहरू अवलम्बन गर्नेछ ।"

**संस्थागत सुधार**

"विभिन्न सरकारी संस्थाहरूले बालबालिकाविरूद्ध गरेका मानवअधिकार हननका घटनाहरुमा विशेष ध्यान दिँदै सशस्त्र द्वन्द्वका दौरान यी संस्थाहरूको भूमिकामाथि छानबिन गर्ने अधिकार आयोगमा निहित हुनेछ र भविष्यमा यस्ता उल्लंघनहरूको पुनरावृत्ति नहोस् भन्ने अभिप्रायले ती संस्थाहरूमा सुधारका लागि आवश्यक सुझावहरू सरकारलाई पेश गर्नसक्नेछ ।"

**अभियोजन**

"आयोगसँग मानवअधिकार उल्लंघनमा संलग्न दोषीहरूलाई कारवाहीको सिफारिस गर्ने अधिकार रहनेछ । यदि सो अपराध १८ वर्षभन्दा कम उमेरको व्यक्तिले अथवा अपराध गरेको समयमा उमेर १८ वर्षभन्दा कम रहेको प्रमाणित भएको खण्डमा आयोगले त्यस्ता बालकहरूलाई बाल सुधार गृहमा चलान गर्नसक्नेछ ।"

***मेलमिलाप र पुन:संयोजनको (Reintegration) बारेमा एक विशेष प्रावधान पनि विधेयकमा समावेश गर्नु जरुरी छ जसलाई निम्नलिखित तरिकाले उल्लेख गर्न सकिन्छ :***

"आयोगले बालबालिका तथा उनीहरूको बसोबास रहेको समुदायबीच मेलमिलाप गराउने खालका कार्यक्रमहरू तय गर्ने बारेमा विशेष प्रावधान बनाउनसक्छ ताकि एक सामञ्जस्यपूर्ण मेलमिलापका माध्यमबाट बालबालिकाहरू पुन: आफ्नो समाज र समुदायमा फर्कन सकून् ।"

यसका अलावा पीडित बालबालिकाहरूको समस्या भिन्न हुने तथ्यलाई हृदयंगम गरी ती समस्याहरूलाई सोहीअनुरूप समाधान गर्नका लागि बालबालिका तथा उनीहरूको परिवारसँग देशव्यापी परामर्श बैठकहरूको आयोजना गर्नुपर्दछ । बालबालिकाहरूको आवश्यकतालाई सम्बोधन गर्न सत्य आयोगको शुरूवात देखि (सरोकारवालाई संवेदनशील बनाउने देखि पीडित बालबालिका तथा उनीहरूको परिवालाई सचेत बनाउने) अन्त्यसम्म (प्रतिवेदनको तयारी र त्यसको कार्यान्वयनसम्म) उनीहरूको सहभागिता सुनिश्चित गर्नुपर्दछ ।

ADVOCACY FORUM

# संक्रमणकालीन न्याय र बालबालिका



# संक्रमणकालीन न्याय र बालबालिका

पहिलो संस्करण : २०६७ (सन् २०११)

प्रकाशक

एड्भोकेसी फोरम

शान्ति निकेतन मार्ग, गैरीधारा

काठमाण्डौ, नेपाल

पो.ब.नं. २१७८९

फोनः ०१-४००४००७/८

फ्याक्स : ०१४४२२६९८

इमेल : info@advocacyforum.org.np

वेभ : www.advocacyforum.org

प्रतिलिपि अधिकार © एड्भोकेसी फोरम

ADVOCACY FORUM

# भूमिका

१० बर्षे आन्तरिक द्वन्द्वका दौरान माओवादी भएको आशंकामा ११ वर्षीय दिल बहादुर रमतेललाई सुरक्षा फौजले हत्या गरेको थियो । विभिन्न संघसंस्थाले उनलाई द्वन्द्वकालको प्रथम बालपीडित भनेका छन । दिलबहादुरको कथा द्वन्द्वकालमा नेपालका प्रत्येक गाउँ, चोक, गल्ली र आँगनको कथा बन्न पुग्यो । हजारौं बालबालिकाहरू विभिन्न मानवअधिकार हननका शिकार बने । उनीहरू प्रत्यक्ष शारीरिक क्षति, यातना, हत्या तथा यौनहिंसा तथा जबरजस्ती भर्तीका शिकार बन्न पुगे । बाबुआमा गुमाएर अनाथ बन्नुका साथै उनीहरूको शिक्षाको अधिकार लगायतका मौलिक अधिकारको हनन भयो । यसका अलावा धेरै बालबालिकाहरूले सानै उमेरमा घरपरिवारको जिम्मेवारी वहन गर्नुपर्‍यो तथा दीर्घकालीन आर्थिक, सामाजिक र मानसिक असरहरू बेहोर्नु परेको छ । धेरै बालबालिका अपहृत भए, माओवादी सेनामा भर्ती गराइए । तीमध्ये धेरै बालबालिका अझै अत्यन्त अनिश्चित भविष्यको चिन्ताले ग्रस्त छन् । द्वन्द्वको औपचारिक अन्त्य भएतापनि पीडित बालबालिकाका विभिन्न आवश्यकता र समस्याप्रति सरकार उदासीन नै रहेको छ । त्यसकारण, प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप आयोगले द्वन्द्वपीडित बालबालिकाको बृहत्तर हितमा कार्य गर्नुपर्ने भन्ने हाम्रो मत छ ।

संक्रमणकालीन न्याय प्रक्रियामा बालबालिकाको भूमिका महत्वपूर्ण रहने तथ्यका बाबजूद सोसम्बन्धमा हुने बहस तथा छलफलमा बालबालिकाका सरोकारका विषय त्यत्ति राम्ररी नउठ्ने गरेको पाइएको छ । अझ संक्रमणकालीन न्याय नेपालको सन्दर्भमा एक नयाँ अवधारणा भएको हुनाले यसबारे राम्रो बहस हुनसकेको छैन । यो प्रकाशनको उद्देश्य संक्रमणकालीन न्याय र बालबालिका विषयमा संक्षिप्त जानकारी उपलब्ध गराउने रहेको छ । संक्रमणकालीन न्यायको विषयमा प्रारम्भिक सूचना बालबालिकालाई सम्प्रेषण गरी यो प्रक्रियामा उनीहरूको सहभागिता बढाउने हाम्रो उद्देश्य हो साथै भविष्यमा सत्य निरूपण तथा मेलमिलाप आयोगले आयोजना गर्ने बाल सार्वजनिक सुनुवाइमा सहयोग पुगोस् भन्ने हाम्रो लक्ष्य रहेको छ ।

यस सामग्रीको प्रारम्भिक मस्यौदा तयार गर्ने धिरज कुमार पोखरेललाई धन्यवाद । मस्यौदालाई परिष्कृत पार्न सहयोग गर्नुहुने सारिका मिश्र, भुपेन्द्र खनाल तथा मस्यौदामा महत्वपूर्ण सुझाव प्रस्तुत गर्नुभएकोमा सशस्त्र द्वन्द्वमा परेका बालबालिकाको संरक्षणकालागि साझेदारी (Partnership for Protecting Children in Armed Conflict) र संक्रमणकालीन न्यायकालागि अन्तर्राष्ट्रिय केन्द्र (International Center for Transitional Justice) लाई हार्दिक धन्यवाद दिन चाहन्छौं । त्यस्तै, विषयवस्तु सुहाउँदो चित्र तथा साजसज्जा गर्नुहुने सुशील थापाज्यूलाई पनि धन्यवाद । पाण्डुलिपि सम्पादन गर्नुहुने विन्देश दहाललाई पनि आभार प्रकट गर्दछौं । साथै यस प्रकाशन सम्भव गराउन सहयोग गर्ने युनिसेफलाई पनि धन्यवाद ।

मन्दिरा शर्मा
कार्यकारी निर्देशक
एड्भोकेसी फोरम
नेपाल


गुड मर्निङ्ग !
गुड मर्निङ्ग मिस !!!
आज हामी राज्य र यसको अङ्गहरूको बारेमा पढ्छौं । तर शुरू गर्नु अघि तिमीहरूलाई एउटा प्रश्न है त ?
हुन्छ मिस !


ल कसैले भन त देश र राज्य भनेको के हो ?
मिस, देश भन्नाले हाम्रो भौगोलिक सीमा हो भने राज्य भनेको देशमा शासन सुव्यवस्था चलाउने राजनैतिक तथा प्रशासनिक निकाय हो ।
ठीक कमल । सरल भाषामा भन्दा त्यहीनै हो भिन्नता अब कसैले भन्न सक्छ राज्यको हामीप्रति र हाम्रो राज्यप्रति के दायित्व हुन्छ ?
?


त्यसो भए राम्ररी सुन है विद्वानहरू भन्छन् कि देशवासीहरू सार्वभौम हुन्छन् तर उनीहरू...
बीचमा कुरा काट्दै
मिस ! सार्वभौम भनेको के हो ?
आफ्नो निर्णय आफै गर्न सक्ने र कसैको नियन्त्रणमा नरहने र सर्वशक्तिमानलाई सार्वभौम भन्दछन् । अनि ती सार्वभौम देशवासीले राज्यसँग एउटा सम्झौता गर्दछन् रे । ....
सो सम्झौतालाई सामाजिक सम्झौता पनि भनिन्छ । सो सम्झौताअन्तर्गत देशवासीहरू राज्यलाई आफ्नो सार्वभौम अधिकार सुम्पन्छन् र नागरिक बन्दछन् ।


त्यसको बदलामा राज्यले के गर्दछ त नागरिकका लागि ?
यसको बदलामा राज्यले आफ्ना नागरिकहरूको सुरक्षा गर्नुका साथै दैनिक जीवनमा आवश्यक वस्तुहरू र शिक्षा, स्वास्थ्य, खानेपानी.....
रोजगारी लगायतका अन्य सुविधाहरूको व्यवस्था गर्दछ । राज्यको यस कार्यका लागि नागरिकहरूले नियमित रूपमा कर पनि तिर्दछन् ।
तर मेरो बुबालाई त राज्यका सैनिकहरूले सुरक्षा गर्नुका साटो बेपत्ता पारेका छन् नि त मिस ? सात वर्ष भैसक्यो उहाँको अत्तो पत्तो नै छैन ।



यो त माओवादी भनेर होला नि त ?
हैन प्रकाश । आफ्ना जो कोही नागरिकको सुरक्षा गर्नु राज्यको कर्तव्य हुन्छ । यो पार्टीको त्यो पार्टीको भनी बेपत्ता पार्न पाइँदैन ।
... कसैले अपराध गरेको भए वा शान्ति व्यवस्था भङ्ग गर्ने कार्य गरेको भए सजाय दिन त अदालत छँदै त नि त ...
...अनि प्रहरीको प्रमुख कार्य भनेको अपराध अनुसन्धान हो न कि कसैलाई जबरजस्ती यातना दिएर अपराध कबोल गराउनु नै हो ।


त्यसो भए विन्देशको बुबा कहाँ हुनुहुन्छ भनेर कस्ले पत्ता लगाउँछ त?
द्वन्द्वको समाप्तिपछि बनेको प्रजातान्त्रिक सरकारले यस्ता घटना छानबिन गर्न संक्रमणकालीन न्याय संयन्त्रहरु स्थापना गर्दछन्...
यसको बारेमा तिमीहरु लाई विस्तृत रुपमा जान्नुछ भने कोपिला दिदीलाई सोध्नु है । वहाँ मानवअधिकार कर्मी हुनु हुन्छ । अब हामी पाठतर्फ ध्यान दिउँ ।
मिसले पढाउन थाल्नुहुन्छ तर प्रकाशको मनमा द्वन्द्वकालका घटनाहरु सल्बलाउन थाल्दछन् ।



बेलुका घरमा
खै के हो ? द्वन्द्वकालमा त्यत्रा घटनाहरू भए ! विचरा विन्देशको बुबा नभएर कत्रो विचल्ली छ ! आमा पनि पागल जस्तै हुनु भएको छ ...
तल्ला घरे साँइला मामा पनि अपाङ्ग नै हुनुहुन्छ । वहाँको उपचारमा खर्च गर्दागर्दै बाँकी रहेको गैरीखेत पनि बेच्नुभयो रे माइजुले ...
...ती साना भाइबहिनीहरू त अब स्कूल पनि आउन छाडिसके । अनि बिचरा हरिदाई ! जम्मा १० वर्ष को हुँदा माओवादी सेनामा भर्ती हुनुभएको थियो...
..अहिले फर्केर आउनुभएको छ तर कसैले पनि वहाँसँग राम्रो व्यवहार गर्दैन .....


... ओहो ! मैले करुणा दिदीको बारेमा बिर्सेको । बलात्कारको शिकार भएर जीवन नै खतम भो वहाँको त । उफ् ! मेरो पनि बुबालाई बेपत्ता बनाएको भए, मेरो दिदी दाइ माओवादी सेनामा भर्ती भएको भए वा...
...सुरक्षा फौजले अपाङ्ग हुनेगरी यातना दिएको भए? भगवान् कल्पना पनि गर्न सक्दिन म त!
...भोलि त सबेरै उठेर कोपिला दिदीकहाँ जान्छु र संक्रमणकालीन न्यायको बारेमा बुझ्छु ।


सबेरै प्रकाश आफ्नो साथी सारिकालाई लिएर कोपिला दिदीको घर पुग्दछ ।
कोपिला दिदी नमस्कार !!
नमस्कार !
ओहो देशका कर्णधार हरू एका बिहानै कता हो ?
दिदी, हामी संक्रमणकालीन न्यायका बारेमा बुझ्न आएका ।


कहाँबाट थाहा पायौ त संक्रमणकालीन न्यायको बारेमा ? पहिले बस न । चिया खाउँ अनि विस्तारै कुरा गरौंला नि, हुन्न ?
रञ्जु मिसले भन्नुभएको । भात खाएर स्कूल पनि जान छ । भनिहाल्नुस् न के हो संक्रमणकालीन न्याय भनेको ?
ल ल, सुन है । अहिले हाम्रो दस वर्षे सशस्त्र द्वन्द्वबाट शान्ति प्रक्रिया वा लोकतन्त्रतर्फ बढिरहेको छ नि हैन... यस्तो समयलाई संक्रमणकाल भनिन्छ ...



द्वन्द्वको बेलामा अन्याय गर्नेहरूलाई कानुनी कारवाही र अन्यायमा परेकालाई न्याय प्रदान गर्न राज्यले चाल्ने कदम नै संक्रमणकालीन न्याय हो । यस्तो प्रकारको न्याय विशेष गरी ५ वटा उद्देश्य प्राप्तिका लागि आवश्यक मानिन्छ ।
ल दुवै जनाले यो कागज हेर न ।
संक्रमणकालीन न्यायका उद्देश्यहरू
१. द्वन्द्व किन र के के कारणले भयो भन्ने कुराको विश्लेषण गरी सत्य तथ्य पत्ता लगाउन
२. मानवअधिकार हननबाट पीडित बन्न पुगेकाहरूलाई परिपुरण उपलब्ध गराउन र अपराधीहरूलाई कानुनी कारवाही गर्न ।


३. दण्डहीनतालाई निर्मूल पार्ने र कानुनी
शासन स्थापना गर्ने कार्यमा नयाँ
लोकतान्त्रिक सरकारलाई सहयोग
गर्ने ।
४. मानवअधिकार हननका घटनाहरू
भविष्यमा नदोहोरिने सुनिश्चितता गर्ने र
समाजमा मेलमिलापका वातावरण निर्माण
गर्ने ।
५. द्वन्द्वका वेला द्वन्द्वलाई चर्काउन
सक्रिय रहेका संस्थाहरूको सुधार गरी
त्यस्ता संस्थाहरूको लोकतान्त्रीकरण
गर्ने ।
खै दिदी, मैले त केही पनि बुझिनँ । प्रकाश, तिमीले बुझ्यौ त ?


खै केही बुझे जस्तो पनि लाग्यो र धेरै नबुझे जस्तो !
ल त्यसो भए म एक एक गर्दै बुझाउँछु है । पहिला के के भयो, क्षति के भयो, किन भएको पत्ता लाउनु पर्‍यो नि । जस्तै विन्देशको बुबा बेपत्ता हुनुहुन्छ । कहाँ हुनुहुन्छ ....
... कसले लगेको हो थाहा पाउनुपर्‍यो । त्यसको लागि छानबिन आयोग गठन गर्ने गरिन्छ ।
... सामान्यतः आयोग लाई मानवअधिकार उल्लघंनका घटनाहरूको अनुसन्धान गर्ने, अभिलेखीकरण गर्ने र दोषीमाथि मुद्दा चलाउने...


... तथा पीडितलाई परिपुरणको सिफारिस गर्ने अधिकार हुन्छ । यो आयोगले समाजमा फेरि मेलमिलाप गराउन मद्दत पनि पुऱ्याउँछ । हाम्रो देशमा पनि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग गठन गर्ने कुरा चलिरहेको छ ।
अघि पछि त यस्तो अपराध गर्नेलाई प्रहरीले समात्छ, हैन र ?


हो, तर द्वन्द्वका बेला धेरै बेपत्ताका घटनाहरु हुन्छन् । कतिपय अवस्थामा प्रहरी आफैंले त्यस्ता अपराध गर्ने हुनाले पनि अनुसन्धान राम्ररी नगर्न सक्छन्...
त्यसैले द्वन्द्वकालको मात्रै घटना हेर्न यस्ता आयोगहरु बनाउनु पर्छ ।
..अनि दिदी परिपुरण भनेको के हो ?


ल, परिपुरणको बारेमा भन्छु है त ! द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनबाट पीडित हुनपुगेका व्यक्तिहरूको पीडा वा दु:खलाई सम्बोधन गर्न...
...परिपुरणको व्यवस्था गर्ने सरकारको दायित्व हो र पीडितको अधिकार हो । ल, फेरि यो कागज हेर त !
परिपुरणका पाँच तत्वहरु
१. पुन:प्राप्ति
२. क्षतिपूर्ति
३. पुन:स्थापना
४. सन्तुष्टि
५. भविष्यमा मानव अधिकार हनन दोहोरिनेछैन भन्ने सुनिश्चितता ।

# परिपूरणका पाँच तत्वहरू

## १. पुन:प्राप्ति



पुन:प्राप्तिको उद्देश्य मानवअधिकार उल्लघंन हुनभन्दा अगाडि रहेको अवस्थामा पुऱ्याउनु हो । उदाहरणका लागि विस्थापितहरूलाई पुन:स्थापित गर्नु, सम्पत्ति फिर्ता गर्नु । पीडितका द्वन्द्वको समयमा खोसिएका हक अधिकार फिर्ता गर्नु ।

## २. क्षतिपूर्ति



यसले द्वन्द्वको कारणले पुग्न गएको विभिन्न क्षतिको पूर्ति राज्यद्वारा हुनुपर्ने कुरालाई जनाउँछ । त्यस्ता क्षतिमा सम्पत्तिको विनाश, अंगभंग हुनु, मानसिक तनाव, अवसरहरूको नोक्सानी जस्तैः- रोजगारी, शिक्षा, सामग्री र आम्दानीको क्षति आदि पर्दछन् ।

## ३. पुनःस्थापना




पुनःस्थापना भन्नाले विभिन्न किसिमको हेरचाह र सेवाहरू प्रदान गर्नु हो । यसमा मनो सामाजिक परामर्श, स्वास्थ्य उपचार सेवा र निःशुल्क कानुनी सेवा पर्दछन् ।

## ४. सन्तुष्टि



सरकारद्वारा सार्वजनिक माफी, द्वन्द्वबाट ज्यान गुमाउनेको सम्झनामा श्रद्धाञ्जली सभा, स्मारक स्थलको निर्माण, अक्षयकोषको स्थापना आदि क्रियाकलापको माध्यमबाट पीडितलाई सन्तुष्टि दिलाउन सकिन्छ ।



## ५. भविष्यमा मानवअधिकार हनन दोहोरिने छैन भन्ने प्रतिबद्धता ।

कानुनको सुधार, संस्थागत सुधार, सुरक्षा निकायको लागि मानवअधिकार तालिम आदि यसअन्तर्गत पर्दछन् । सैनिक र सुरक्षा फौजमा प्रभावकारी नागरिक नियन्त्रण सुनिश्चित गर्ने, न्यायपालिको स्वतन्त्रता मजबुत गर्ने काम पनि यसअन्तर्गत पर्दछन् ।



ओहो, राज्यको दायित्व त यस्तो पनि हुँदो रहेछ है ! यी सबै कार्यहरू राज्यले गर्ने भए त देशको भविष्य कति उज्ज्वल हुन्थ्यो है !
हो त ! अब अभियोजनको बारेमा कुरा गरौं है । मानवअधिकार तथा मानवीय कानुनको उल्लघंन गर्ने वा त्यस्ता...
अपराध गर्न उक्साउने वा आदेश दिने व्यक्तिहरूको पहिचान गरी हाल भएको कानुनको आधारमा राष्ट्रिय अदालतसमक्ष कारवाही गर्नु नै अभियोजन हो । यस्तो स्थितिमा कानुन नभएको अवस्थामा नयाँ कानुन बनाएर पनि राज्यले कारवाही प्रक्रिया अगाडी बढाउन पर्दछ ...


कतिपय देशमा देशभित्रकै अदालतले अभियोजन गर्नसक्ने भए अन्तर्राष्ट्रिय अदालतको पनि गठन गरेको पाइन्छ ।
ए ! अभियोजन भनेको दोषीलाई अदालती कारवाही गर्नु भनेको रहेछ त है ? अनि संस्थागत सुधार भनेको के हो त दिदी ?
हो । संस्थागत सुधारको मुख्य उद्देश्य मानवअधिकार उल्लघंनका घटनाहरू दोहोरिन नदिनु हो । संक्रमणकालीन न्यायका अन्य संयन्त्रहरू पीडित तथा पीडितका परिवारका लागि मात्र उपयोगी हुनसक्छन् भने संस्थागत् सुधारले समाजलाई नै प्रभाव पार्दछ ।


कानुनमा सुधार ल्याउने, प्रहरी, न्यायाधीश, सैनिक र सरकारी कर्मचारीहरूलाई मानवअधिकार सम्बन्धी तालिम दिने, अपराधीहरूलाई जागिरबाट निकाल्ने जस्तो काम गरेर...
...संस्थागत सुधार गर्न सकिन्छ ।
आजलाई यत्तिनै गरौं कि क्या हो दिदी । प्रकाश, जाऊँ हिड । अब खाना खाएर स्कुल जाँदा ठिक्क हुन्छ ।
ल, तिमीहरू जाओ अब । भोलि शनिवार पनि हो । तिमीहरू खाना खाएर पुस्तकालयतिर आऊ है । म बालबालिका र संक्रमणकालीन न्यायको बारेमा बताउँला है, त !


हुन्छ दिदी । हवस् त,
नमस्कार !
नमस्कार !!
भोलिपल्ट पुस्तकालयमा
ए, तिमीहरु त आइसकेछौ ।


अघि नै आइसक्यौं दिदी, अब शुरू गरिहालौं न हुन्न ?
ओहो, कस्तो हतार है तिमीलाई । तिम्रो ज्ञानको प्यास देखेर म त एकदमै प्रभावित भएँ ।


हो त दिदी ! स्कुलमा पनि सरहरूलाई प्रश्न सोधेर हैरानै पार्छ प्रकाशले ।


लौ त सुन अब... द्वन्द्वले बालबालिकाहरूलाई विभिन्न किसिमले प्रभावित पार्दछ । संक्रमणकालीन प्रक्रियामा बालबालिकाहरू विभिन्न तरिकाले प्रवेश गर्दछन्, जस्तै, पीडित, पीडक, लडाकु, साक्षी आदि ।


हो, दिदी, तल्लाघरे मामाका छोरा छोरी स्कूल नै जान छोडे, करुणा दिदी बिचरा अस्ति आत्महत्या गर्न लाग्नुभएको थियो रे । हरि दाइको हालत खत्तमै छ । आफ्नो बुबालाई आँखाअगाडि हत्या गरेको देखेपछि काले पागलजस्तै भएको छ ।
हैन दिदी, के यो आयोगले उनीहरुको समस्या समाधान गर्न सक्छ र ?
ल त, अब सत्य निरूपण तथा मेलमिलाप आयोगबाट नै कुरा शुरू गरुँ त ! उक्त आयोग गठन गर्नभन्दा पहिले हुने परामर्श बैठकहरूमा बालबालिकाको पूर्ण सहभागिता सुनिश्चित गरिनुपर्दछ ।


परामर्श बैठक भनेको के हो दिदी ?
आयोगको गठन गर्नुभन्दा पहिले सो आयोग कस्तो हुनुपर्ने, आयोगले कस्ता कस्ता समस्या समाधान गर्ने, आयोगको अधिकारहरू के-के हुनुपर्ने ...
पीडितले के चाहेका छन् र तिनका आवश्यकताहरू के के हुन् भनेर थाहा पाउन गरिने बैठकलाई परामर्श बैठक भनिन्छ । नेपालमा पनि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले हालसम्म...
...१९ वटा परामर्श बैठकको आयोजना गरेको छ तैपनि ती बैठकहरूमा बालबालिकाको उपस्थिति अत्यन्त कम रहेको पाइएको छ ।


त्यसो भए बालबालिकाको उपस्थिति बढाउन के गर्नु पर्ला दिदी?
बालबालिका मात्रै राखेर परामर्श बैठकहरूको आयोजना गर्नुपर्दछ तथा स्कुल, बाल क्लब, बाल विकास समितिहरूलाई प्रयोग गर्नुपर्दछ । र द्वन्द्वपीडित बालबालिकाहरूको...
... आवश्यकताहरू बुझ्नु पर्दछ । त्यस्तै आयोगको कानुनमा बालअधिकार हननको छानबिन गर्ने कुरा राखिनुपर्छ...
... आयोगका आयुक्तहरू र कर्मचारीको छनौट गर्दा बाल अधिकारमा राम्रो ज्ञान भएकाहरूलाई लिनुपर्दछ । अझै पनि कानुन पास भएको छैन । तिम्रा मनमा लागेका कुरा तिम्रो विद्यालय, बाल क्लब सँग मिलेर सभासदलाई लेखेर पठाए पनि हुन्छ ।


ए ! अब त कानुन नै बन्न लागिसकेछ है। अनि विस्तारै भन्नुहोस् न दिदी म टिपिरहेको छु ।
ल ल... त्यस्तै बालबालिकाको बयान लिदा बालमैत्री वातावरण जस्तै: स्कुल, घर तथा आमा, बुबा, दाजु, दिदी, नातेदार आदिको उपस्थितिमा लिनुपर्दछ ।
अझ, सार्वजनिक बाल सुनुवाइ गरी बालबालिकाहरूको अनुभवको पनि अभिलेखीकरण गर्नुपर्दछ र साथै बालअधिकार...
...उल्लंघन गर्नेलाई माफी दिनुहुँदैन र आयोगको अन्तिम रिपोर्ट बालबालिकाले बुझ्नसक्ने सरल भाषामा छुट्टै निकाल्नुपर्दछ । त्यस्तै यौन हिंसाको सरल भाषामा व्याख्या आवश्यक छ ।


बालबालिका तथा साक्षीको सुरक्षा गर्नुपर्दछ र उनीहरूलाई निरन्तर रूपमा मनोसामाजिक सहयोग दिनुपर्दछ ।
बालबालिकालाई कस्तो परिपुरणको व्यवस्था गर्नुपर्दछ त ?
....जस्तै तल्लाघरे मामाका छोराछोरीलाई छात्रवृत्ति, हरि जस्ता पढ्न नचाहनेलाई रोजगारी र तालिम, काले र करुणालाई मनोसामाजिक सहयोग र घाइते तथा अङ्गभङ्ग भएकालाई उपचारको व्यवस्था ...


...तथा बाल सैनिकलाई विशेष व्यवस्था गर्नुपर्दछ । उनीहरूको कुरा गोप्य रूपमा सुन्ने र तिनको समस्या विचार गरी परिपुरण दिनुपर्छ ।
यौन हिंसाका सिकार अनि बलात्कारबाट जन्मेका बालबालिकालाई राम्रो हेरचाहको व्यवस्था गर्नुपर्दछ होला नि दिदी ?
हो सारिका । त्यस्तै संस्थागत सुधारमा जबरजस्ती भर्ती गर्ननपाउने कानुन बनाउनुपर्दछ। बालबालिकालाई प्रयोग गरी भएका अपराधहरूमा बालबालिकालाई नभई त्यस्ता काम गर्न लगाउने व्यक्तिलाई कारवाही गर्नुपर्दछ ।


निःशुल्क वकिलको व्यवस्था गरेर मुद्दाको कारवाही गर्न सहयोग गर्नुपर्दछ । मानवअधिकार उल्लघंनमा जिम्मेवार ठानिएका सरकारी कर्मचारीलाई कारवाही गर्नुपर्दछ ...
...त्यस्तै स्कुले पाठ्यक्रममा मानवअधिकार शिक्षालाई अनिवार्य बनाइनुपर्दछ । बालअधिकारसम्बन्धी राज्यका सबै निकायका पदाधिकारीलाई प्रशिक्षण दिनुपर्दछ ।
बालबालिकामाथि अपराध गर्नेलाई कारवाही कसरी हुन्छ ? फेरि यसो गर्दा उनीहरूलाई थप पीडा त हुँदैन नि ?
हो त्यही भएर बयान लिने बेलादेखि मुद्दा चल्दासम्म बालपीडित तथा साक्षीहरूको आवश्यकता माथि संवेदनशील रही उनीहरूलाई फेरि मानसिक आघात नपुगोस् भन्ने कुराको ख्याल गर्नुपर्दछ ।


अनुसन्धान टोलीमा बाल विशेषज्ञहरू राखिनुपर्दछ । यस्ता मुद्दाको विशेष प्रकृतिलाई बुझ्न र बालबालिकाले न्याय पाऊन् भनी सुनिश्चित गर्न ...
...न्यायाधीश, सरकारी वकिल, अनुसन्धानकर्ता र अन्य प्रहरी अधिकृतहरूलाई बालअधिकारसम्बन्धी तालिम प्रदान गरिनुपर्दछ
...आर्थिक रूपले कमजोर रहेका पीडितहरूलाई नि:शुल्क कानुनी सहायता प्रदान गर्न कानुनी सहायताका कार्यक्रमहरूमा आवश्यक बजेट छुट्याउनुपर्दछ...
...यस्ता स्रोतहरूको बारेमा सार्वजनिक अभियानको योजना गर्दा बालबालिकाप्रति लक्षित हुनु जरुरी छ ।


अब त भयो होला है दिदी । यहाँभन्दा त दिमागमा केही पनि छिर्ला जस्तो छैन ।
यति मात्र पनि याद भयो भने तिमीहरूलाई धेरै हुन्छ । प्रकाश, भन त, यति कुरा थाहा पाइसकेपछि तिमी के गर्छौ ?
यस जानकारीलाई हामी दुईजना मिली लेखेर स्कुलको भित्ते पत्रिकामा प्रकाशित गर्छौं नि दिदी ।


ल एकदम राम्रो विचार । म अब लागेँ है । मानवअधिकारको बारेमा अझै जान्न उत्सुकता भए निर्धक्क मलाई भेट्नु है ।
हवस् दिदी !

स्कुल भित्ते पत्रिकामा प्रकाश/सारिकाको लेख ।



## —संक्रमणकालीन न्याय र बालबालिका—

प्रकाश वि.क./सारिका मगर- कक्षा ७,
नयाँ नेपाल निर्माण माध्यमिक विद्यालय, नेपाल

### संक्रमणकालीन न्याय (Transitional Justice)

सशस्त्र द्वन्द्व, सैनिक शासन वा तानाशाही शासन व्यवस्थाबाट शान्ति प्रक्रिया वा लोकतन्त्रतर्फ बढिरहेको समाजलाई संक्रमणकालीन समाज पनि भनिन्छ । यस्ता समाजहरूमा प्रजातन्त्र आउनभन्दा पहिला भएका मानवअधिकार उल्लंघनका घटनाहरूको बारेमा छानबिन गरी सत्यतथ्य पत्ता लगाएर दिगो शान्ति स्थापना गर्नुपर्दछ । संक्रमणकालीन न्याय ती घटनाहरूको सही छिनोफानो गरी दोषीलाई कारवाही र पिडितलाई न्याय प्रदान गर्ने पद्धति हो । यसका निम्नलिखित प्रमुख उद्देश्यहरु हुन्छन् :-



१. विगतमा भएका घटनाहरूको सम्बन्धमा सत्य तथ्य पत्ता लगाउने ।

२. द्वन्द्व किन भयो, के कारणले भयो भन्ने कुराको विश्लेषण गर्ने ।

३. विगतमा मानवअधिकार हनन गर्ने कार्यमा संलग्न रहेका व्यक्तिहरूलाई कानुन भए कानुनबमोजिम र नभएमा नयाँ कानुन बनाई सजाय दिने ।

४. पीडित र समुदायहरूलाई न्याय तथा परिपुरण प्रदान गर्ने ।

५. दण्डहीनताको (अपराधीहरूलाई कानुनी कारवाही नहुने अवस्था) अन्त्य गर्ने र समाजमा मेलमिलापको वातावरण सिर्जना गर्ने ।

६. भविष्यमा फेरि मानवअधिकार हनन हुने छैन भन्ने कुरा सुनिश्चित गर्ने ।



७. द्वन्द्वलाई पूर्णरूपमा अन्त्य गर्न र कानुनी शासन स्थापित गर्ने ।

८. द्वन्द्वकालमा मानवअधिकार हनन कार्यमा सहयोग पुऱ्याउने राज्यका विभिन्न निकायहरूको संस्थागत सुधार गर्ने ।

९. नयाँ प्रजातान्त्रिक सरकारलाई मद्दत गर्ने ।



द्वन्द्वले बालबालिकालाई विभिन्न हिसाबले प्रभावित पार्दछ । संक्रमणकालीन समाजमा बालबालिकाहरूका विभिन्न तरिकाले प्रवेश गर्दछन् जस्तै पीडित, पीडक, लडाकु, साक्षी आदि । त्यसकारण संक्रमणकालीन न्याय प्रक्रियामा बालबालिकाको भूमिका पनि महत्वपूर्ण हुन्छ । संक्रमणकालीन न्यायले संबोधन गर्नुपर्ने विभिन्न विषय हुन्छन् ।



# सत्य निरूपण तथा मेलमिलाप आयोग
## (Truth and Reconciliation Commission)

द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको छानबिन गरी सत्य तथ्य पत्ता लगाउनका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने गरिन्छ । आयोगलाई मानवअधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान गर्ने, अभिलेखीकरण गर्ने र दोषीलाई अभियोजन तथा पीडितलाई परिपुरणको सिफारिस गर्ने अधिकार हुन्छ । यो आयोगले समाजमा फेरि मेलमिलाप सिर्जना गर्न मद्दत पनि पुऱ्याउँदछ । यसै सन्दर्भमा हाम्रो देशमा पनि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग गठन गर्नु आवश्यक छ ।



उक्त आयोग गठन गर्नभन्दा पहिले हुने परामर्श बैठकहरूमा बालबालिकाको पूर्ण सहभागिता सुनिश्चित गरिनुपर्दछ । अनि यस्ता बैठकहरूमा स्कुल, बालक्लब, बाल विकास समितिहरू प्रयोग गर्नुपर्दछ र द्वन्द्वपीडित बालबालिकाहरूको आवश्यकताहरू बुझ्नु पर्दछ । त्यस्तै सत्य निरूपण तथा मेलमिलाप आयोगको कानुनमा बालअधिकार हननको छानबिन गर्ने कुरा राखिनुपर्दछ । अझै आयोगका आयुक्तहरू र कर्मचारीको छनौट गर्दा बालअधिकारमा दखल भएकाहरूलाई प्राथमिकता दिनुपर्दछ ।



## परिपुरण (Reparations)

द्वन्द्वकालमा भएका मानवअधिकार तथा मानवीय कानुनको उल्लंघनबाट पीडित हुन पुगेका व्यक्तिहरूको पीडा वा दुःखलाई सम्बोधन गर्न परिपुरणको व्यवस्था गर्ने सरकारको दायित्व हो र पीडितको अधिकार हो । परिपूरणका पाँच तत्वहरू हुन्छन् ।

१. पुनःप्राप्ति (द्वन्द्वको समयमा खोसिएका हक, अधिकारहरूको फिर्ता)

२. क्षतिपूर्ति (मानवअधिकार उल्लघंनको कारण हुन गएको क्षतिको आर्थिक भरपाई) जस्तै : सम्पतिको विनाश, अंगभंग, मृत्यु, मानसिक तनाव, अवसरहरूको नोक्सानी जस्तैः रोजगारी र शिक्षा।



३. **पुन:स्थापना :** मानवअधिकार उल्लंघनबाट व्यक्तिको शारीरिक तथा मानसिक स्वास्थ्य तथा मानसम्मानमा पुग्न गएको क्षतिलाई दीर्घकालीन रूपमा समाधान गर्ने ।

४. **सन्तुष्टि :** सरकारद्वारा सार्वजनिक माफी, द्वन्द्वबाट ज्यान गुमाउनेको श्रद्धाञ्जली सभा, स्मारक स्थलको निर्माण, अक्षयकोषको स्थापना ।

५. **भविष्यमा मानवअधिकार हनन दोहोरिने छैन भन्ने कुराको प्रतिबद्धता:** कानुनको सुधार, संस्थागत सुधार, सरकारी कर्मचारीकालागि मानवअधिकार तालिम ।

बालमैत्री परिपुरणमा छात्रवृत्ति, मनोसामाजिक सेवा, विभिन्न तालिम, बलात्कारबाट जन्मेका, यौन हिंसाका सिकार भएका र बाल सैनिकहरूलाई विशेष व्यवस्था पर्दछन्।



## अभियोजन (Prosecution)

मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गर्ने वा त्यस्ता अपराधिक क्रियाकलाप गर्न उक्साउने वा आदेश दिने व्यक्तिहरूलाई देशको कानुनबमोजिम राष्ट्रिय अदालतमा कारवाही गर्नु नै अभियोजन हो ।

कानुन नभएको अवस्थामा नयाँ कानुन बनाएर पनि राज्यले कारवाही अगाडि बढाउनपर्दछ । कतिपय देशमा देशभित्रकै अदालतले अभियोजन गर्ननसक्ने हुँदा अन्तर्राष्ट्रिय अदालतको पनि गठन गरेको पाइन्छ ।



बयान लिने बेलादेखि सुनुवाइसम्म बालपीडित तथा साक्षीहरूको आवश्यकतामाथि संवेदनशील रही उनीहरूलाई फेरि मानसिक आघात नपुगोस् भन्ने कुराको निश्चितता गर्नुपर्दछ । उनीहरूको बयान बालमैत्री वातावरण जस्तै, स्कूल, घरमा लिनु पर्दछ । अदालतमा सुनुवाइ हुँदा गोप्य रूपमा बयान लिनुपर्दछ ।



अनुसन्धान टोलीमा बाल विशेषज्ञहरू राख्नुपर्छ । संक्रमणकालीन न्यायसम्बन्धी सार्वजनिक अभियानहरूको आयोजना गर्दा बालबालिकाप्रति लक्षित हुनु जरुरी छ ।



## संस्थागत सुधार (Institutional Reform)

संस्थागत सुधारको मुख्य उद्देश्य मानवअधिकार उल्लंघनका घटनाहरू दोहोरिन नदिनु हो । संक्रमणकालीन न्यायका अन्य संयन्त्रहरू पीडित तथा पीडितका परिवारका लागि मात्र उपयोगी हुनसक्छन् भने संस्थागत सुधारले समाजलाई नै प्रभाव पार्दछ । संस्थागत सुधारमा कानुनी सुधार, न्यायिक प्रणालीमा सुधार, मानवअधिकार शिक्षा पर्दछन् ।



प्रहरी, न्यायाधीश, सरकारी वकिल, सरकारी कर्मचारीहरूलाई बालअधिकारसम्बन्धी तालिम दिनुपर्दछ । अपराधीहरूलाई जागिरबाट हटाउनुपर्दछ । स्कुले पाठ्यक्रममा मानवअधिकार शिक्षा अनिवार्य बनाउनुपर्दछ । बालबालिकालाई जबरजस्ती सैन्य भर्ती गर्न नपाइने कानुन बनाउनुपर्दछ । बालबालिकालाई अपराधका लागि प्रयोग गर्नेलाई कारवाही गर्नुपर्दछ न कि बालबालिकाहरूलाई ।




कहाँबाट सिकेछन् प्रकाश र सारिकाले यति राम्रा कुरा ?
कानुन बन्नलागेको रैछ है । पहिला छलफल नै भएन ।
सरहरूलाई र हाम्रो बाल क्लबलाई भनेर हाम्रो माग लेखेर पठाउनुपर्‍यो ।
सांसदलाई भन्नुपर्‍यो, नेताहरूलाई पनि भन्नुपर्‍यो।